स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## कृषि विकास शाखा

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल।

पत्र सङ्ख्याः २०८१/८२

सूचना नं.: १६ (कृषि विकास शाखा)

### कृषि विकास कार्यक्रममा आवेदन/ प्रस्ताव आव्हान सम्बन्धि सूचना।

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०१/०३ गते

हेलम्बु गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत देहाय अनुसारको कार्यक्रम सञ्चालनको लागि ईच्छुक मापदण्ड पुगेका कृषक, कृषक समूह, कृषि फर्म र कृषि सहकारीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (२०८२/०१/१७ गते) कार्यालय समय भित्र आइपुग्ने गरी देहाय बमोजिमका कागजातहरु सहितको आवेदन/प्रस्ताव तयार गरी हेलम्बु गाउँपालिकाको कृषि विकास शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिलः**

| क्र.स. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | आवेदन दिन योग्य |
|---|---|---|---|
| १. | वर्षे फलफुलको (कागती, सुन्तला, एभोकाडो, जुनार, केरा आदि) विरुवा वितरण कार्यक्रम | ५० | कृषक, कृषक समूह, कृषि फर्म र सहकारी। |
| २. | हरियो मलको रुपमा ढैंचा खेती कार्यक्रम (धान खेती हुने ठाउँको लागि मात्र) | १०० | कृषक, कृषक समूह, कृषि फर्म र सहकारी। |
| ३. | जंगली जनावर नियन्त्रण कार्यक्रम | ५० | कृषक, कृषक समूह, कृषि फर्म र सहकारी। |
| ४. | गाउँपालिका मातहतका सम्पूर्ण कार्यालयहरुमा सौन्दर्यका लागि पुष्प/फूल, फलफुलको विरुवा रोपण कार्यक्रम | १०० | सम्पूर्ण विद्यालय, वडा कार्यालय र स्वास्थ्य चौकी। |

**आवश्यक कागजातहरुः**

- अनुसुची-३ बमोजिम कार्यक्रम मागको निवेदन,
- अनुसुची-४ बमोजिम प्रतिबद्धता पत्र,
- सम्बन्धित वडा कार्यालयको सिफारिस,
- आवेदक व्यक्तिको नागरिकताको प्रतिलिपि,
- चालु आ.व.को साउन महिना पछि भुमि तथा सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि,
- आवेदक संस्था दर्ता/नविकरण प्रमाणपत्र, PAN दर्ता र करचुक्ताको प्रतिलिपि,
- समूह र सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि।

राजुभाई श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## कृषि विकास शाखा

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल।

पत्र सङ्ख्याः २०८१/८२

सूचना नं.: १६ (कृषि विकास शाखा)

थप जानकारीको लागिः हेलम्बु गाउँपालिकाको वेबसाईट www.helambumun.gov.np मा हेर्नुहुन तथा हेलम्बु गाउँपालिका कृषि विकास शाखामा ९८६०१६८१२०, ९८६२२०७८७३ सम्पर्क गर्न सक्नुहुनेछ। साथै अनुसूची-३ र ४ हेलम्बु गाउँपालिकाको वेबसाईट, कृषि विकास शाखा र वडा कार्यालयहरुबाट प्राप्त गर्न सक्नुहुनेछ।

.....................

प्रमुख प्रशासकीय अधिकृत